
OPEN MIC NEPAL
Listen. Verify. Report

अङ्क १७
कार्तिक १६, २०७२

ओपन माईक नेपाल बुलेटिनको सत्रौं अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरु तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पत्ता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरू, सञ्चार माध्यम र स्थानीय समूदायलाई सहि सूचना पु्याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरू र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरूलाई उपलब्ध गराउनु र उनीहरु मार्फत समुदायमा रहेका अस्पष्टता हटाउनु हाम्रो ध्येय हो।

# हल्ला



## लाप्राक, गोरखा

"भूकम्पका कारण आफ्नो घरबारी छोडेर विस्थापित हुनेहरूलाई पहिलेकै लालपूर्जा अनुसार अर्को ठाउँमा घर जग्गा दिन्छ रे भन्ने हल्ला छ।"

## पालुङ्टार, गोरखा

"भूकम्पले घर भत्किएर लालपूर्जा, नागरिकता हराएकाहरूलाई उक्त कागजपत्रहरू गाउँमै दिने व्यवस्था हुँदैछ भन्ने हल्ला छ।"

# यथार्थ

भूकम्पले नागरिकता वा लालपूर्जा पुरिएर हराएको परिवारलाई घर-घरमा गएर यी कागजपत्र उपलब्ध गराउने कार्यक्रम नरहेको गोरखा जिल्ला स्थित कार्यालयहरूले जानकारी दिएका छन्।

सरकारी कार्यालयमा जग्गाधनी प्रमाण पत्र तथा नागरिकताको सम्पूर्ण अभिलेख सुरक्षित रहेकोले हराएको लालपूर्जा वा नागरिकता प्राप्त गर्न कुनै समस्या हुँदैन। तर, त्यसका लागि सम्बन्धित कार्यालयमा नै जानुपर्छ।

पुरानो लालपूर्जामा फोटो नभएको, नागरिकता नम्बर उल्लेख नभएको तथा अन्य आवश्यक विवरण नखुलेको भएमा प्रतिलिपी प्राप्त गर्नका लागि गाबिसको सिफारिस चाहिन्छ।

भूकम्प पिडितलाई लालपूर्जा प्राप्त गर्न कठिन नहोस् भनेर मालपोत कार्यालयले आवश्यक सहयोग गर्ने जानकारी दिएको छ।


सरकारले विस्थापित परिवारका लागि स्थायी बसोबासको व्यवस्था गर्न सुरक्षित स्थान पहिचान गर्ने र पुनर्वासको कार्य गर्ने सम्वन्धमा हालसम्म ठोस निर्णय गरेको छैन।

लालपूर्जा हेरेर विस्थापितलाई नयाँ ठाउँमा जग्गा उपलव्ध गराउने बारेमा हालसम्म कुनै पनि निर्णय भएको छैन।

**मुक्तिनारायण भण्डारी**
प्रमूख मालपोत अधिकृत
गोरखा
०६४-४२०२०१

**पदम कुमार मैनाली**
प्रवक्ता
शहरी विकास मन्त्रालय
०१-४२११९६५

# सवाल



## गोरखा बजार, गोरखा

"सहुलियत ऋण लिने भूकम्प पिडितहरूलाई सरकारले दिने २ लाख राहत नदिने रे, २ लाख राहत लिनेलाई सहुलियत ऋण नदीने रे भन्ने हल्ला छ।"

## गढी, मकवानपूर

"सरकारले घर बनाउन दिने भनिएको २ लाख रुपियाँ कहिले पाइन्छ भन्ने अन्यौल छ। घर बनाई सकिएकाले त्यो रकम पाइन्छ कि पाइन्न थाहा छैन।"

## कमलामाई, सिन्धुली

"घर निर्माणका लागि थप १ लाख ८५ हजार पाइन्छ भन्ने सुनेको छ। सहुलियत ऋण १५ लाख दिने भन्ने पनि सुनेको छौ, तर कसरी दिने हो, त्यो भने थाहा छैन।"

## निबुटार, मकवनपूर

"सरकारले हामीलाई साँच्चै थप सहायता दिन्छ कि सहयोग पाईन्छ भनेर मुख थुन्न मात्र खोजेको हो ? सहयोग गर्ने नै हो भने कहिले गर्छ त ?"

# जवाफ

सरकारले भर्खरै मात्र भूकम्पबाट पूर्णरुपमा क्षति भएका आवास पुनःनिर्माण अनुदान सहायता प्रवाह कार्यविधि जारी गरेको छ।

भूकम्पले घर पूर्ण रुपमा क्षति भएका र वैकल्पिक बसोबासको व्यवस्था नभएका परिवारले यो सहायता पाउँनेछन्।

सहुलियतको ऋण र अनुदान मध्ये एउटा विकल्प मात्र रोज्न पाइन्छ। अर्थात्, सहुलियतको ऋण पाउँने परिवारले अनुदान र अनुदान पाउँनेले ऋण पाउँदैनन्।

घर निर्माणको प्रगतिका आधारमा सरकारले सहयोग पाउन योग्य परिवारको बैंक खातामा ४ किस्तामा रकम उपलब्ध गराउनेछ।

पहिलो किस्ता उपलब्ध गराएपछि थप किस्ता उपलब्ध गराउनु अघि अनुगमन टोलीले भवन संहिता पालना भए नभएको जाँच गर्छ। घर निर्माणको क्रममा भवन संहिता पालना नभएको पाइएमा परिवारले थप किस्ता पाउदैन।


सरकारले सहयोग वितरण कहिलेबाट गर्छ भन्ने कुरा हालसम्म प्रष्ट जानकारी दिएको छैन। वितरणको प्रक्रिया सुरु गर्दासम्म कार्यविधिमा संशोधन हुन पनि सक्छ।

सहयोग पाउन योग्य परिवारले घर निर्माणको लागत र रु. दुई लाख मध्ये जुन कम हुन्छ सो बराबरको सहयोग पाउँछ ।

कार्यविधिमा आफैँ घर निर्माण गरेका परिवारले सरकारले दिने सहयोग पाउँने वा नपाउँने कुरा उल्लेख गरिएको छैन। तर, आफैँले घर बनाउँदा पनि भवन संहिताको पालना गरेर मात्र बनाउन सुझाव दिइन्छ।

रवि शाह
उप महानिर्देशक
शहरी विकास तथा
भवन निर्माण विभाग
९८५१०५६८२४

# सवाल



## जफे, दोलखा

"भूकम्प प्रभावित जिल्लाका पिडितहरूलाई कृषि विकास मन्त्रालयले सहुलियत दरमा गाई दिन्छ रे, यसका लागि कहाँ बुझ्ने होला ? राजधानी नै जानु पर्ने हो कि ?"

## बसेश्वर, सिन्धुली

"भूकम्पले गोठ भत्किएर गोरु मर्‍यो तर हालसम्म कुनै क्षतिपूर्ती पाइएन।"

# जवाफ

सरकारले भूकम्पमा परेर पशु चौपाया गुमाएका किसानलाई सहयोग स्वरुप ९० प्रतिशत सम्मको अनुदानमा गाई वितरणको योजना बनाएको छ। यसरी गाई वितरणका लागि कार्यविधि तयार भइसकेको छ।

यहि आर्थिक बर्ष २०७२/७३ मा भूकम्प प्रभावित २४ जिल्लामा कुल २ हजार गाई वितरण गरिने छ। त्यसका लागि कार्तिक मसान्त सम्ममा किसानहरुबाट आवेदन लिइने जानकारी पशु सेवा विभागले जनाएको छ।

जिल्ला पशु सेवा कार्यालयले किसानहरुबाट आवेदन लिनेछ। जिल्ला पशु सेवा कार्यालयका प्रमुख अधिकृत संयोजक तथा योजना अधिकृत, स्वास्थ्य अधिकृत र जिल्ला दुग्ध उत्पादक सहकारी संघका प्रतिनिधी सदस्य रहेको समितिले किसानहरुबाट प्राप्त आवेदन अध्ययन गरी बढिमा ७५ जना किसानको छनोट गर्नेछ।

गाई प्राप्त गर्ने किसानको छनोट गरिसकेपछि गाई पाल्ने ठाउँको बारेमा प्राविधिक अध्ययन गरेर गाईको जात सिफारिस गरिने छ। सबै जिल्लाबाट छानिएका किसानको नामावली तयार भएपछि ठेकदार मार्फत गाई खरिद गरेर सम्बन्धित किसानलाई वितरण हुनेछ।

सरकारले गाईको मुल्यको ९० प्रतिशत वा रु. ६५ हजार जुन कम हुन्छ सो रकम बराबरको अनुदान किसानलाई दिनेछ। गाई प्राप्त गर्नुअघि गाईको मूल्यको १० प्रतिशत वा रु. ७,२२० मध्ये जुन बढि हुन्छ सो रकम जिल्ला कृषि कार्यालयमा दाखिला गर्नुपर्नेछ। गाई दिनु अघि किसानलाई ३ दिनको तालिम पनि उपलब्ध हुनेछ।

**डा. केशव प्रसाद प्रेमी**
महानिर्देशक
पशु सेवा विभाग
०१-५५२२०५६

**तेजबहादुर रिजाल**
वरिष्ठ पशु विकास अधिकृत
जिल्ला पशुसेवा कार्यालय
दोलखा
९८५५०५४४५०

# सवाल



## सिमजुङ, गोरखा

"कृषि विकास कार्यालयले वितरण गरेको बिउ रोप्ता धानको बाला नलागेर दशौँ मुरी धान गुमेको छ। त्यसको क्षतिपूर्ति हामीले पाउँछौ कि पाउँदैनौँ?"

# जवाफ

जिल्ला कृषि विकास कार्यालय गोरखाले आफूँले वितरण गरेको धानको बिउबाट बाला नलागेको बारेमा यथार्थ पत्ता लगाउनका लागि सम्बन्धित क्षेत्रमा टोली पठाउने योजना बनाएको छ।

इन्धनको समस्याका कारण यातायात सञ्चालनमा कठिनाई परेकोले टोलीको कार्यमा ढिलाई हुनसक्छ।

टोलीले वितरित बिउमा समस्या देखेमा किसानलाई कार्यालयद्वारा क्षतिपूर्ति उपलब्ध गराउनेछ।

कार्यालयको सहजिकरणमा गैर सरकारी संघ संस्थाले वितरण गरेको बिउमा समस्या देखिएमा संवन्धित संघ संस्थालाई क्षतिपूर्तिका लागि अनुरोध गरिनेछ।

कस्तो खालको क्षतिपूर्ति दिने भन्ने बारेमा भने अहिले यकिन भएको छैन।

तर, बिउ वितरणका क्रममा सिकाइएको विधिको पालना नगरी किसानले खेत रोपेको पाइएमा क्षतिपूर्ति उपलब्ध नगराइने जानकारी दिइएको छ। उदाहरणका लागि किसानले सम्बन्धित धानको बिउ रोप्न अनुपयुक्त ठाउँमा रोपेको पनि हुनसक्छ।

नवराज पण्डित
कृषि प्रवर्द्धन अधिकृत
गोरखा
९८५६०२१२८१

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयं सेवकहरू र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्त भएका हुन्। असोज २५ गतेदेखि कार्तिक १२ गते सम्म ५ जिल्लाका करिव ३७५ जना स्थानीयबासीसँग कुराकानी गरी तयार पारेका टिप्पणीहरू यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन्। विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरू छनोट गरिएका छन्।

यहाँ प्रस्तुत जानकारी यो बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन्।

OPEN MIC NEPAL प्रस्तुत गर्ने संस्थाहरू
accountabilitylab
Local Interventions Group data-driven development
Internews